स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा सिवाकोटी अहिले फिल्म 'काजी' अभिनयको तयारीमा छिन् । फिल्मको माघबाट छायाङ्कन सुरु हुँदैछ । फिल्मको कथा र आफ्नो भूमिका मन परेकोले काजीमा जोडिएको उनी बताउँछिन् । केही अगाडिसम्म उनको हातमा कुनै पनि नयाँ फिल्म थिएन । अहिले भने केही फिल्म छन् । जसको स्क्रिप्ट अध्ययनको क्रममा छिन् । वर्षाको एक समय धेरै फिल्म आएको थियो । पछिल्लो समय उनको फिल्म कमी छ । पारिवारिक उतारचढावमा उनी केही समय फिल्मबाट बाहिर रहिन् ।

**आजको विचार...**



नेपाल..
(दुई पेजमा)

खगेन्द्रराज सिटौला



अभिनेत्री बिपना थापा नेपाली फिल्म अभिनयमा फर्किएकी छन् । उनी फिल्म 'ह्रस्व दीर्घ' मार्फत १३ वर्षपछि अभिनयमा फर्किएकी हुन् । उक्त फिल्मको हाल चितवनमा छायाँकन भइरहेको छ । फिल्म अभिनयमा फर्किंदा आफू भावुक बनेको उनले बताइन् । मेकअप गर्दै गरेको अवस्थामा बाहिरिएको एक तस्बिरमा उनको आँखामा आँसु झल्किएको देखिन्छ। चन्द्र पन्तको निर्देशन रहेको फिल्म अभिनेत्री नीता ढुंगानाले निर्माण गरेकी हुन् । लामो समयपछि फिल्म अभिनयमा जोडिदा डेब्यु फिल्म झैं अनुभूति भएको उनले मिडिया प्रतिक्रिया दिएकी छन् ।

❒ वर्ष २९ ❒ अंक १५० ❒ २०८० पुस १२ गते बिहीबार 28 December 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ठगी अभियोगमा प्रमुख प्रशासकीय अधिकृत पक्राउ

**पर्वत,** पुस ११/ठगीको आरोपमा कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली कार्यालयबाटै पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालयको टोलीले बुधबार दिउँसो पराजुलीलाई कार्यालयबाटै पक्राउ गरेको हो । प्रमुख प्रशासकीय अधिकृत पराजुली कास्कीको सहकारी रजिस्ट्रारको कार्यालय पोखरामा सेवारत हुँदा सहकारीको रकम ठगी प्रकरणमा मुछिएका थिए । सहकारी रजिस्ट्रार रहेका बेला निजले मित्रमिलन बचत तथा ऋण सहकारीको कार्यक्षेत्र विस्तार गर्ने क्रममा घूस लिएको आरोप थियो ।

कास्की प्रहरीको अनुरोधमा पर्वत प्रहरीले निजलाई पक्राउ गरेर कास्की पठाएको जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक खुमलाल भुसालले राससलाई जानकारी दिए । तत्कालीन रजिस्ट्रार पराजुलीलाई एक करोड पाँच लाख घूस लिएको आरोप लागेको छ । *-रासस*

# गुल्मीमा जनशक्ति नहुँदा आइसियु प्रयोगविहीन

## करोडौं रुपैयाँ खर्चेर जडान गरिएका ती महत्वपूर्ण उपकरण अहिले दक्ष जनशक्ति अभावकै कारण प्रयोगविहीन अवस्थामा पुगेका हुन् । आईसीयू कक्षभित्रका उपकरण अलपत्र छन् । प्रयोगविहीन बनेका मेसिनहरूमा खिया लाग्न थालेको छ ।

**तम्घास (गुल्मी),** पुस ११/जनशक्ति अभावले जिल्ला अस्पताल गुल्मीमा स्थापना गरिएको भेन्टिलेटरसहितको सघन उपचार कक्ष (आईसीयू) अहिलेसम्म प्रयोगमा आउन सकेको छैन । गम्भीर प्रकृतिका बिरामीलाई जिल्लामै उपचारको व्यवस्था मिलाउन भेन्टिलेटरसहित पाँच शैयाको आईसीयू कक्ष स्थापना गरिएको थियो । करोडौं रुपैयाँ खर्चेर जडान गरिएका ती महत्वपूर्ण उपकरण अहिले दक्ष जनशक्ति अभावकै कारण प्रयोगविहीन अवस्थामा पुगेका हुन् ।



सघन उपचार कक्ष भवन निर्माण भएपनि दक्ष जनशक्ति नहुँदा सञ्चालन हुन नसकेको अस्पतालले जनाएको छ । आइसियु सञ्चालनका लागि आवश्यक जनशक्ति नहुँदा विगत दुई वर्षदेखि भवनसमेत प्रयोगविहीन भएको हो । जिल्लाका नागरिकलाई तम्घासमै सर्वसुलभ स्वास्थ्य उपचार दिने उद्देश्यले आर्थिक वर्ष २०७७/७८ मा सघन उपचार कक्ष (आइसियु) भवनको निर्माण गरिएको थियो । भवन सञ्चालनमा नआउँदा एकातर्फ बिरामी आइसियुको सेवा लिन बाहिर जान बाध्य छन् भने अर्कोतर्फ निर्माण गरिएका संरचना प्रयोग नभएर धुलाम्य बनेका छन् । 'भवनको बजेट परेका बेला दलका नेतालाई जस लिन भ्याइनभ्याइ भयो, तर अहिले सञ्चालनमा कसैले चासो दिएनन्', अस्पतालमा सेवा लिन आएका धुर्कोट गाउँपालिका-५ वस्तुका महेन्द्र भण्डारीले भने, 'छिटोभन्दा छिटो सञ्चालन गरेमा आइसियुको सेवा लिन पाल्पा वा बुटबल जानुपर्ने बाध्यता हट्ने थियो ।' आइसियुको संरचना निर्माणमा हालसम्म ३५ लाख ५२ हजार तीन सय ६२ र उपकरण खरिदमा ६६ लाख २६ हजार नौ सय २५ गरी कूल एक करोड एक लाख ७९ हजार दुई सय ८७ खर्च भएको छ । प्रदेश सरकार अनुसार अस्पताल विकास समिति परिवर्तन हुने हुँदा त्यसको असर अस्पतालमा परेको छ । 'आइसियू कक्ष सञ्चालनमा आउन नसक्नुमा आवश्यक जनशक्तिको अभाव नै पहिलो कारण हो,' अस्पतालका प्रमुख डा. विकास बञ्जाडेले भने । उनले पाँच शैयाको आइसियु सञ्चालनका लागि २५ जना दक्ष स्वास्थ्यकर्मीको आवश्यकता पर्ने भए पनि सबै जनशक्ति उपलब्ध नभएको बताए । डा. बञ्जाडेले भने, 'हामी अहिले जनशक्ति व्यवस्थापनमा जुटिरहेका छौं ।' आईसीयू कक्षभित्रका उपकरण अलपत्र छन् । प्रयोगविहीन बनेका मेसिनहरूमा खिया लाग्न थालेको छ । जनशक्ति अभावकै कारण सञ्चालन नहुँदा बिरामीहरू पाल्पा, बुटवल, काठमाडौंका अस्पतालसम्म धाउनुपर्ने बाध्यता छ । भेन्टिलेटरसहितको आईसीयू कक्ष सञ्चालन हुँदा गम्भीर प्रकृतिका बिरामीले सहजै उपचार पाउन सक्थे । जसबाट गुल्मी मात्र नभई छिमेकी जिल्ला अर्घाखाँची सहित अन्य जिल्लाका स्थानीयसमेत लाभान्वित हुन सक्छन् । *-रासस*

- व्यक्तिगत सवारीको सट्टा ठूला र एक पटकमा धेरै जनाले प्रयोग गर्न मिल्ने सवारी साधनको प्रयोग बढाऔं ।
- डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं ।
- आफूले प्रयोग गर्ने सवारीसाधनको नियमित प्रदुषण जाँच गरौं ।

***प्रदुषण घटाऔं, वातावरण जोगाऔं ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## एकीकृत समाजवादीको केन्द्रीय बैंठक

# 'कम्युनिष्ट' जोगाउन वामपन्थी शक्ति एक हुनुपर्नेमा जोड

**पाल्पा,** पुस ११/नेकपा (एकीकृत समाजवादी) का नेताहरुले कम्युनिष्ट जोगाउन वामपन्थी शक्ति एक हुनुपर्नेमा जोड दिएका छन् । बुधबारदेखि जारी केन्द्रीय कमिटी बैठकमा बोल्ने नेताहरुले पश्चिमा शक्तिले नेपालका कम्युनिष्टहरुलाई सिध्याउने योजना बुनिरहेकाले त्यसका विरुद्ध वामपन्थी एक हुनुपर्ने बताएका हुन् ।




उनीहरुले अहिलेको अवस्थामा वैचारिक रुपमा निकट रहेका शक्तिलाई एकीकृत गरी संगठनात्मक रुपले शक्तिशाली पार्टी निर्माण गर्नुपर्ने आवश्यकता रहेको औंल्याएका छन् । बैंठकमा पार्टी अध्यक्ष माधवकुमार नेपालले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि वामपन्थी शक्ति एकताबद्ध हुनुपर्ने बताए । उनले वाम पन्थी शक्तिले राजनीतिक स्थिरता कायम गरी मुलुकलाई समाजवादतर्फ अगाडि बढाउन सक्ने बताउँदै कम्युनिष्टका विरुद्ध लाग्नेहरुलाई परास्त गर्न वामपन्थी शक्ति एकता भएर अहगाडि बढ्न आवश्यक रहेको औंल्याए । राजनीतिलाई विचारहीन, सिद्धान्तहीन र सस्ता नाराको खेल बनाउने प्रवृत्ति बढ्दै गएको उल्लेख गर्दै अध्यक्ष नेपालले समाजवादी कार्यदिशा भएको बलियो लोकतान्त्रिक शक्तिले मात्रै प्रतिगमनवादीलाई हस्तक्षेप गर्न सक्ने धारणा व्यक्त गरे । अहिलेको संकटलाई सामना गर्ने वैचारिक सामर्थ्य आफ्नो पार्टीसँग रहेको उनको भनाइ थियो । *(...बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अनुभूति गर्न नसकिएको एक वर्ष

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार गठन भएको एक वर्ष पुरा भएको छ । एक वर्ष पुरा गरेको अवसरमा प्रधामन्त्री प्रचण्डले मंगलबार देशवासीका नाममा सम्बोधन गर्दै थुप्रै उपलब्धि हासिल गरेको दावी गरेका छन् । उनले दावी गरे पनि आम जनताले भने अनुभूति गर्न सकेका छैनन् । प्रधानमन्त्री दाहालले आफूले सरकारको नेतृत्व सम्हालेयता विकास र अर्थतन्त्रमा सुधारको क्रम सुरु भएको र त्यसको नतिजा बिस्तारै देखिन थालेको बताएका छन् । लचिलो नीतिगत व्यवस्थाका कारण वित्तीय क्षेत्रमा स्थायित्व आएको, ब्याजदर घट्दो तथा कर्जा प्रवाह बढ्दो क्रममा रहेको, लगानीमैत्री वातावरणमा सुधार हुँदै आएको उनले दावी गरे पनि जनताले यी कुराको आभाष नै गर्न पाएका छैन । प्रधानमन्त्री दाहाल सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायलाई प्राथमिकतामा राखेको थियो । सुशासनका लागि नक्कली भुटानी शरणार्थी, सुन तस्करी प्रकरण लगायतका भ्रष्टाचार र अनियमितताका ठूला काण्डको छानबिन अघि बढाएर 'आक्रामक' सुरुवात गरे पनि पछिल्ला दिनमा भने सरकार ति विषयमा अलमल देखिन्छ । भ्रष्टाचारका काण्ड सार्वजनिक गरे पनि तिनलाई टुंग्याउन नसक्नु दुखद् हो ।

जलविद्युत क्षेत्रको उपलब्धि भनेको भारतलाई विद्युत् विक्री गर्न भएको सम्झौता हो तर, उत्पादन बढाउने कामचाहिँ अहिलेको सरकारले गर्दा भएको होइन । त्यस्तै विप्रेषण आय बढ्नु, पर्यटक आगमन बढ्नुजस्ता उपलब्धि सरकारले कुनै ठोस काम गरेर भएको होइन । सरकारले दीर्घकालीन उपलब्धि प्राप्त गर्ने खालको काम त गरेको छैन नै तत्काल परिणाम दिन सक्ने कृषि उत्पादन बढाउन समेत सरकार असफल भएको छ । अर्कातिर, सेवा प्रवाहमा चुस्तता र सरलता पनि हुन सकेन । सरकारले आफ्नो एक वर्षे शासनमा सुशासनका लागि चालेको कदमबाट सरकारी अड्डा पुग्ने आम सर्वसाधारणले सुधार महशुस गर्न पाएनन् । मालपोत, वैदेशिक रोजगार विभाग, कर कार्यालय, राहदानी विभाग लगायत जनताको सोझै काम पर्ने सरकारी कार्यालयमा झन्झटरहित सेवा प्रवाह हुन नसक्दा पनि सरकारले ठोस काम गर्न नसकेको भनेर आलोचना भइरहेको छ । वास्तवमा यो सरकारको सफलता भनेको अघिल्लो सरकारका पालामा जस्तो अनेक वितण्डा मच्चाइएन, संविधानमाथि नै प्रहार हुने काम भने भएन । कारण यो वा त्यो होला तर जे भए पनि सरकारले जनताले अनुभूति गर्नेगरी काम गर्न नसक्नु चाहिँ विडम्बनाकै विषय हो ।

### Opinion @ Social Network

"कसैबाट अत्याधिक माया प्राप्त गरियो भने शक्ति मिल्छ,
कसैलाई अत्याधिक माया गरियो भने साहस मिल्छ ।"


*(धनु भुसालको फेसबुक स्टाटसबाट www.facebook.com//Dhanubhusal202)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल एकीकरण र पुनर्जीवन



खगेन्द्रराज सिटौला

*नेपालको नाम कसरी रह्यो कहिले रह्यो भन्ने बारेमा पनि इतिहासकार एकमतमा छैनन् । यसमा अनेक मत पाइएका छन् । यो सत्य हो यस भूभागको कुनै खण्ड नेपाल नामले प्राचीन कालमा नै चर्चित थियो । हिमवतखण्ड पुराणमा पनि नेपाल शब्द पाइन्छ । नेपाल माहत्म्यको पन्ध्रौं अध्यायमा नेपालको सिमाना समेत उल्लेखित भएको पाइन्छ । नेमुनिका नियम पालन गर्ने भएकोले नेपाल नाम रहन गएको भनिन्छ । यति चाहिँ सत्य हो नेपालको केन्द्रीय भाग भने काठमाडौं उपत्यका नै थियो । यो पनि त्यतिकै सत्य हो केन्द्रीय भाग वा नेपाल उपत्यका मात्रै पनि होइन । यसको सिमाना पूर्वतिर सप्तकोशी नदी, पश्चिममा त्रिशुली नदीसम्म फैलिएको थियो । सिमाना बढ्ने र खुम्चिने क्रम अनेक राजाका पालामा जारी रहन्थ्यो । हो पृथ्वीनारायणले राज्यहरु जोड्दा नेपाल थिएन तर नेपालको प्राचीन इतिहास र गरिमा भने थियो ।*

पृथ्वीनारायण शाहलाई हामी नेपाली श्रद्धाले राष्ट्रनिर्माता भन्दछौं । किनभने उनले नेपाल एकीकरण गरेर विशाल नेपाल राष्ट्रको जग बसाले । जुनबेला पृथ्वीनारायण शाह गोरखा राज्यको सिंहासनमा राजभएका थिए, त्यसबेला गोरखा पश्चिम गोरखासहित २४वटा चौबिसे भनिने राज्यहरु र अर्को २२ वटा बाइसे भनिने राज्यहरु थिए । अर्थात् बाइसे र चौबिसे गरेर ४६वटा राज्यहरु थिए । यता गोरखादेखि पूर्व मकवानपुर, कान्तिपुर, भक्तपुर, ललितपुर, चौदण्डी र विजयपुर नामका ६ राज्यहरु थिए । यी ६ वटा र गोरखासमेत गरेर ७ वटा राज्यहरुलाई गाभेर पृथ्वीनारायण शाहले नेपाल राष्ट्रको बलियो जग बसाएकोले उनलाई राष्ट्रनिर्माताको पदले सम्मानित गरेको हो । पृथ्वीनारायणले गोरखा राज्यको सिमाना बढाउँदै लैजादा कुनै राज्यको नाम पनि नेपाल राज्य थिएन । उनको एकीकरण अभियानमा गाभिएका माथि उल्लेखित राज्यको नाम नेपाल थिएन । यक्षमल्लको पालामा उपत्यकाका तीन राज्यसहितको विशाल क्षेत्रलाई नेपाल मण्डल भनिन्थ्यो । उनले नेपाल मण्डललाई छोराहरुमा अंश लगाएर राज्य टुक्र्याए पछि कान्तिपुर, भक्तपुर र ललितपुर नामका अलग अस्तित्वका राज्यहरु भए । अर्थात् पृथ्वीनारायण शाहले नेपाल राज्य विरुद्ध हतियार उठाउनु परेन,नेपाल बिरुद्ध युद्ध गरेर नेपाललाई पराजित गर्नु परेन । पृथ्वीनारायण शाहले युद्धमा गोरखा राज्यलाई जिताए भने परिणममा नेपाल राज्यलाई ब्युँझाए । अस्तित्वमानै नभएको नेपाल राज्य सातवटा राज्य गाभिएर विशाल भएपछि किन पृथ्वीनारायणले नेपाल राज्य भनाए छलफल यसैमा केन्द्रीत गरौं ।

नेपालको इतिहास कति लामो छ र राज्यको रुपमा नेपालको अस्तित्व कहिले स्थापित भएको हो ? पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा पहिला कहिलेसम्म नेपाल थियो ? राज्यका सिमाना कहाँसम्म थियो ? कुन राजाको नेतृत्वमा नेपाल शासित थियो आदि बारे खोजतलास गरियो भने पृथ्वीनारायणले किन अस्तित्वमा नै नभएको राज्य नेपालको नाम राखे भन्ने सवालको जवाफ निस्कन्छ । नेपालको नाम कसरी रह्यो कहिले रह्यो भन्ने बारेमा पनि इतिहासकार एकमतमा छैनन् । यसमा अनेक मत पाइएका छन् । यो सत्य हो यस भूभागको कुनै खण्ड नेपाल नामले प्राचीन कालमा नै चर्चित थियो । हिमवतखण्ड पुराणमा पनि नेपाल शब्द पाइन्छ । नेपाल माहत्म्यको पन्ध्रौं अध्यायमा नेपालको सिमाना समेत उल्लेखित भएको पाइन्छ । नेमुनिका नियम पालन गर्ने भएकोले नेपाल नाम रहन गएको भनिन्छ । यति चाहिँ सत्य हो नेपालको केन्द्रीय भाग भने काठमाडौं उपत्यका नै थियो । यो पनि त्यतिकै सत्य हो केन्द्रीय भाग वा नेपाल उपत्यका मात्रै पनि होइन । यसको सिमाना पूर्वतिर सप्तकोशी नदी, पश्चिममा त्रिशुली नदीसम्म फैलिएको थियो । सिमाना बढ्ने र खुम्चिने क्रम अनेक राजाका पालामा जारी रहन्थ्यो । हो पृथ्वीनारायणले राज्यहरु जोड्दा नेपाल थिएन तर नेपालको प्राचीन इतिहास र गरिमा भने थियो । पृथ्वीनारायणले गोरखाली फौजले जितेको हुनाले गोरखा नाम राख्न सक्थे । तर त्यसो पनि गरेनन् । अरु राज्यका जनतालाई गोरखाबाट पराजित भाव आइरहन पनि सक्थ्यो । उनले त्यसो गर्न उचित ठानेनन् । राजधानी बनाएको कान्तिपुर वा काठमाडौं राखनसक्थे त्यसले पनि व्यापकता दिँदैनथ्यो । त्यो पनि उचित ठानेनन् । पृथ्वीनारायणको एकीकरण अभियानमा जोडिएका राज्यहरु गोरखा, मकवानपुर, कान्तिपुर (काठमाडौं) ललितपुर (पाटन) भक्तपुर (भादगाउँ) चौदण्डी,विजयपुरं मध्ये कुनै एक राज्यको नाम राख्न पनि सक्थे । तर त्यसले पनि हाम्रो राज्यको नाम किन नराख्ने भनेर बिवाद त भइरहन्थ्यो । तर पृथ्वीनारायण शाहले अस्तित्वमा नभएको तर इतिहासमा भएको केन्द्रीय भाग राजधानी भएको सबैको लागि स्वीकार्य पनि हुने अपनत्व पनि हुने बिबादरहित साझा नाम नेपाल नै एकीकृत राज्यको नाम चुने । जनताले पनि नेपाल भने राजाले पनि नेपाल भने भन्दाभन्दै पुन एकीकृत भएको राज्यले लोप भएको राज्य र नाम एकैपटक पायो ।

नेपाल नामले नेपालको प्राचीन इतिहासलाई पुनर्जिवित गराउँथ्यो । यसले नेपालको जीवन इतिहासलाई लामो बनाउँथ्यो । पृथ्वीनारायणले भनेको गोरखनाथ भन्नु र पशुपतिनाथ भन्नु एकै हुन् को मर्मलाई पनि समात्थ्यो । पशुपतिनाथको काखमा रहेको कुनै समयको नेपाल राज्यलाई अझ विशाल रुपको एकीकृत राज्यलाई नेपाल नाममा पुनर्जिवन दिनु सबै किसिमले उचित ठानेको हुनपर्छ पृथ्वीनारायण शाहले । यसमा पृथ्वीनारायण शाहको दूरदर्शीत पनि देखिन्छ । राज्यको नाम नेपाल रहनुमा पृथ्वीनारायण शाहको सोचाइको दायरा फराकिलो हुनु पनि एउटा महत्वपूर्ण कारण हो । यदि उनी संकिर्ण भएको भए एकीकृत नेपालको नाम नेपाल नभएर गोरखा हुनसक्थ्यो । पृथ्वीनारायण शाह नाममा मात्र होइन कि झण्डामा पनि त्यतिकै उदार र दूरदर्शी देखिन्छन् । वैदिककाल, किरातकाल लिच्छवीकाल मल्ल कालमामा समेत त्रिकोण आकारको ध्वजा कुनै न कुनै रुपमा फहराइएको इतिहास भेटिन्छ । कुनैमा चन्द्र सूर्य भएको र कुनैमा नभएको पाइन्छ । जे भए पनि त्रिकोणत्मक झण्डाको इतिहास पनि नेपाल जस्तो अझ नेपाल भन्दा लामो छ । मल्ल राजवंशका अन्तिम उत्तराधिकारी भक्तपुरका राजा रणजित मल्ल हुन् । भक्तपुर राज्यमा फहराइने ध्वजा अर्थात् झण्डा त्रिकोण आकारको चन्द्र सूर्य अंकित रातो रङको थियो । यहाँ पनि पृथ्वीनारायण शाह नेपाल नाममा जस्तै दूरदर्शी भए । उनले गोरखाका शाह राजाले फहराउने झण्डा फहराउन अर्थात् नेपाल राज्यको झण्डा फहराउन लोभ गरेनन् । उनले इतिहासको लोभ गरे गरिमाको लोभ गरे । यतिलामो इतिहास र निरन्तरता भएको झण्डा सायदै अन्य विश्वमा होला । अकारमा, रुपमा, चिन्हमा केही परिमार्जन भयो होला तर छुट्टै विशेषता भएको त्रिकोणत्मक आकारमा केही परिवर्तन भएन । जो अहिले हामी रातो र चन्द्र सूर्य जंगी निसान हाम्रो भनेर गीत गाउँदै चन्द्र सूर्य अंकित झण्डा फहराउँदै आफूमा उर्जा भर्छौं । त्यो पृथ्वीनारायण शाहको उदार र दूरदर्शी निर्णयले सम्भव भएको हो । प्राचीन ग्रन्थ पुराणमा समेत नाम भएको नेपाल र वैदिक कालमा फहराइएको त्रिकोणात्मक झण्डा आफैंमा गौरव हो । यो नेपाल नाम र झण्डा आफैंमा सम्मानित इतिहास र उचाई हो । नेपाल नाम र त्रिकोणत्मक चन्द्र सूर्य अंकित झण्डा यो आफैंमा पुरातत्विक महत्वको प्राचीन सम्पदा पनि हो । यो आफैंमा विश्वको लागि पनि आश्चर्य हो । यति लामो इतिहास भएको नाम र झण्डामा गर्व गर्न पाउने विश्वमा विरलै देश छन् । यसको यही गौरवशाली इतिहास र महत्व बुझेका बाह्य तत्वहरुले नेपालका केही नेता तथा दलहरुमा लगानी गरेर उक्साएर देशको नाम नेपाल हटाउने र अर्कै नाम राख्ने र झण्डा पनि फेर्ने अभियान चलाउन लगाए । उनीहरुले यसै गरे संविधान सभाको निर्वाचनमा, संविधानसभा र यसका समितिहरुमा । त्यसको अलवा दलको वैठकमा सार्वजनिक सभा र अन्तरवार्ताहरुमा समेत यस्ता अभिव्यक्ति दिएका हुन्थे । उनीहरुले नेपालको नाम र झण्डा फेर्न भएभरको सबै तागत लगाए । तर देशभक्त नेपाली जनताले देशको नाम नेपाल र चन्द्र सूर्य झण्डाको ऐतिहासिक गरिमा र महत्व पृथ्वीनारायण शाहले बुझे जस्तै बुझेका थिए । नेपाल नाम र नेपालको चन्द्र सूर्य अंकित झण्डा आम नेपालीको मनमा मुटुमा गाडिएको थियो । देशभक्त नेपाली जनताको व्यापक बिरोध र दबाबको कारणले नेपाल नाम हटाएर देशको नाम अर्को राख्न सकेनन् । त्यस्तै किसिमले झण्डा पनि फेर्ने आँट गर्न सकेनन् । यस तथ्यले जाहेर गर्दछ कि पृथ्वीनारायण शाहले नेपाल एकीकरण मात्रै गरेनन् कि एकपल्ट बिलिन भएको नेपाललाई पुनर्जीवन पनि दिएका हुन् ।

फराकिलो छाती बनाएर ऐतिहासिक महत्वको छुट्टै बनोट र आकार भएको मौलिक विशेषताको प्राचीन त्रिकोणात्मक रातो चन्द्र सूर्य अंकित झण्डालाई समेत नेपालको आधिकारिक झण्डा बनाएर देशको नाम र झण्डामार्फत पनि नेपालको गरिमालाई उच्च बनाए । नेपालले एकैपल्ट पुर्नएकीकरण र पुनर्जिवन पायो । यसको श्रेय पृथ्वीनारायण शाहलाई जान्छ । हामी पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे मात्रै पढ्दै र भन्दै आएका छौं । तर उनले नेपाललाई पुनर्जीवन दिएको पढेका पनि छैनौ र भनेका पनि छैनौं । तर अब पृथ्वीनारायणको नेतृत्वमा नेपालले एकीकृत हुन पनि पायो र पुर्नर्जीवित हुन पनि पायो भनेर भन्नु पनि पर्छ पढ्नु पनि पर्छ । एकीकरणले भूगोल र भावनालाई जोड्यो भने नेपाल नामले इतिहास र सभ्यातालाई जोड्यो । पृथ्वीनारायणको प्रभावशाली नेतृत्व र जनताको रगत, पसिना र बलिदानले नेपालले एकीकृत भएर विशाल हुन पायो भने पृथ्वीनारायणको उदार र दूरदर्शी चेतले नेपालले पुनर्जीवन पायो । र सदा चन्द्र सूर्य फहराएर देशभक्त नेपालीले नेपाललाई जीवन दिइरहेको हुनेछन् ।

***-डिसी नेपाल डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : प्रियजनको भेटघाटले दिन रमाइलो बनाउनेछ। नयाँ ज्ञान सिक्ने मौका छ। | **तुला** : काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । |
| **बृष** : लक्ष्यमा पुग्न सकिनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । | **बृश्चिक** :साथीभाइसँग असमझदारी बढ्न सक्छ । आर्थिक अभाव देखा पर्न सक्छ। |
| **मिथुन** :निर्णयले काम बिग्रन सक्छ। बेसुरमा वचन दिने बानीले दु:ख पाइनेछ। | **धनु** :उठ्नुपर्ने रकम हात लागी भए पनि तत्काल खर्चनुपर्ने स्थिति आउन सक्छ । |
| **कर्कट** :सामाजिक काममा फाइदा होला। घर-गृहस्थीमा भने समस्या आउन सक्छ। | **मकर** : काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **सिंह** : आम्दानी प्रशस्तै बढ्नेछ । कर्मको उचित प्रतिफल पाइनेछ । | **कुम्भ** :काम समयमा गर्न नसकिएला । अरूका काममा समय बित्न सक्छ । |
| **कन्या** :दोहोरो लाभ मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ । | **मीन** : कामका लागि गरिएको भ्रमणमा समय बित्नेछ । समस्या थपिन सक्छन्। |




बाल कथा

# विपत्तिबाट यसरी बच्न सकिन्छ



कतिपय मानिसमा एक्लै हिँड्ने, एक्लै बस्ने, एक्लै खाने बानी हुन्छ तर यो राम्रो होइन । सामान्य अवस्थामा ठिकै भए पनि समय सधैँ एकनासको हुँदैन । जस्तोसुकै कठिन अवस्था आए पनि साथी बनाउने वा साथीसँग बस्नेहरूले सजिलै त्यसको सामना गर्न सक्छन् । एक्लै हिँड्नेहरूले भने महँगो मूल्य चुकाउनुपर्ने हुन सक्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यस्तै कथा प्रस्तुत गरिएको छ ।

धेरै पहिलेको कुरा हो मृग, परेवा र मुसामा राम्रो दोस्ती थियो । उनीहरू सँगै हिँड्थे, सँगै बस्थे, सँगै खान्थे । आपतविपद पर्दा एकले अर्कोलाई सघाउँथे । एक दिन कतै जाँदै थिए उनीहरूमध्येका साथी मृग शिकारीको जालमा फस्न पुग्यो । अब आपत पऱ्यो । के गर्ने गर्ने । तैपनि उनीहरूले धैर्य छाडेनन् र परेवाले सान्त्वना दिँदै भन्यो-

'मित्र हो ! यतिबेला हामीमाथि नसोचेको विपत्ति आइलाग्यो तर यो विपत्ति साथी मृगको मात्र नभई हामी सबैको हो । त्यसैले सबै मिलेर उम्कने प्रयास गर्नुपर्छ ।'

परेवाको कुरामा समर्थन जनाउँदै मुसाले भन्यो-

'ठिक भन्यौ मित्र ! विपत्ति सबैको हो तर उम्कने पो कसरी ? कुनै तरिका सोचेका छौ भने भन है । जस्तोसुकै भूमिका निर्वाह गर्न पनि तत्पर छु ।'

त्यसपछि परेवाले आफ्नो योजना सुनाउँदै भन्यो-

'म सिकारी कहाँ छ भन्ने पत्ता लगाई कुनै तरिकाले अलमल्याउने काम गर्छु । त्यति बेलासम्म तिमीले काट्नुपर्छ ?'

'हो ठिक भन्यौ, त्यसै गरौँ' भन्दै मुसा जाल काट्न लाग्यो । परेवा सिकारी खोज्न हिँड्यो । केही पर पुगेको थियो सिकारी त्यतै बसेर शिकारको प्रतीक्षामा रहेको देख्यो । त्यसपछि उसले जीवनको बाजी लगाएर शिकारीलाई झम्टने काम गऱ्यो । पहिले त सिकारीले कुरै बुझेन । जब दालमा केही कालो छ भन्ने लाग्यो तब परेवाको वास्ता नगरी जाल भएतिर कुद्यो ।

पहिले त सिकारीले कुरै बुझेन । जब दालमा केही कालो छ भन्ने लाग्यो तब परेवाको वास्ता नगरी जाल भएतिर कुद्यो । त्यति बेलासम्म मुसाले जाल काटिभ्याएको थिएन । त्यसैले सिकारी खुसी हुँदै मृगलाई समाउने तरखर गर्न लाग्यो तर परेवा पनि हार खाने वाला थिएन । उसले थप जुक्ति निकाल्यो र आफ्ना समूहका थप परेवालाई बोलाएर शिकारीतिर मुकाविला गर्न लाग्यो । अब शिकारीलाई मृगभन्दा पहिले परेवालाई पन्छाउनुपर्ने भयो । ठिक यही बेला मुसाले जाल काटिभ्याएकोले मृगले ज्यान बचायो । परेवाका कारण मुखमा आएको शिकार उम्केको देखेर सिकारी रिसायो र परेवालाई नै समातिर लाग्यो । आफूलाई बचाउन ज्यानको बाजी लगाउने परेवाको जीवन संकटमा परेको मृगले सहन सकेन र खोच्याएको अभिनय गऱ्यो । उता खोच्याएको देखेर शिकारीलाई मृग घाइते भएको रहेछ भन्ने लाग्यो र परेवालाई छाडेर मृग भएतिर दौड्यो तर मृग घाइते भएको थिएन । उसलाई छक्याउन अभिनय गरेको थियो । त्यसैले सिकारी नजिक आइपुग्दासम्म उसले सुइँकुच्चा ठोक्न भ्यायो । मृग भागेपछि सिकारीले परेवातिर हेऱ्यो तर परेवा पनि यतिबेलासम्म उडिसेको थियो भने मुसा पनि दुलोभित्र छिरिसकेको थियो । त्यसपछि सिकारी खुइय गर्दै टाउको समातेर घरतिर लाग्यो । यसरी ती तीनले सामुहिक प्रयास गरी विपत्तिबाट ज्यान बचाए ।

त्यति बेलासम्म मुसाले जाल काटिभ्याएको थिएन । त्यसैले सिकारी खुसी हुँदै मृगलाई समाउने तरखर गर्न लाग्यो तर परेवा पनि हार खाने वाला थिएन । उसले थप जुक्ति निकाल्यो र आफ्ना समूहका थप परेवालाई बोलाएर शिकारीतिर मुकाविला गर्न लाग्यो । अब शिकारीलाई मृगभन्दा पहिले परेवालाई पन्छाउनुपर्ने भयो । ठिक यही बेला मुसाले जाल काटिभ्याएकोले मृगले ज्यान बचायो । परेवाका कारण मुखमा आएको शिकार उम्केको देखेर सिकारी रिसायो र परेवालाई नै समातिर लाग्यो । आफूलाई बचाउन ज्यानको बाजी लगाउने परेवाको जीवन संकटमा परेको मृगले सहन सकेन र खोच्याएको अभिनय गऱ्यो । उता खोच्याएको देखेर शिकारीलाई मृग घाइते भएको रहेछ भन्ने लाग्यो र परेवालाई छाडेर मृग भएतिर दौड्यो तर मृग घाइते भएको थिएन । उसलाई छक्याउन अभिनय गरेको थियो । त्यसैले सिकारी नजिक आइपुग्दासम्म उसले सुइँकुच्चा ठोक्न भ्यायो । मृग भागेपछि सिकारीले परेवातिर हेऱ्यो तर परेवा पनि यतिबेलासम्म उडिसेको थियो भने मुसा पनि दुलोभित्र छिरिसकेको थियो । त्यसपछि सिकारी खुइय गर्दै टाउको समातेर घरतिर लाग्यो । यसरी ती तीनले सामुहिक प्रयास गरी विपत्तिबाट ज्यान बचाए । पञ्चतन्त्रमा आएको यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर समूहमा रहेर एकले अर्कोलाई सहयोग गर्ने हो भने विपत्तिबाट बच्न सकिन्छ भन्ने कुरा भने सत्य हो ।

*-रातोपाटी डटकम*

व्यङ्ग्य निबन्ध

भोलानाथ सुवेदी

# सर



एक-दुई दशक अगाडि 'सर' शब्द गहन, ओजपूर्ण र आदर सूचक रूपमा परिचित थियो । अहिले यो शब्द सबैमा रामनाम झुन्डिए झैँ मुखाग्र छ । सर शब्द उच्च स्तरको भए पनि यसको प्रयोग सर्वसुलभ र सर्वप्रिय बनिदिँदा यसको ओजमा स्खलन पैदा भएको छ । यो खँदिलोबाट खोक्रो भई बोक्रो मात्र बाँकी रहेको छ । यो निम्न स्तरको बोलक्कड, भरौटे, द्वारे, अगौटे, पछौटे आदि सबैको जिभ्रोमा रसाउने हुनाले यो अस्तित्वहीन बन्न पुगेको छ । विद्यालयका विद्यार्थी, कार्यालयका कर्मचारी, ठेक्का पट्टाका लाउके र सामाजिक सञ्जालका नाइकेमा पनि यसको प्रभुत्व जमेको छ । विद्यालयकै कुरा गर्ने हो भने त विद्यार्थीको मुखमा सर फेरि सरका मुखमा सर ।

सर शब्दको डोरी तन्काउने हो भने दिनमै पृथ्वीको सात फन्को लागेर किलकिले समाउन बेर लाग्दैन । सर शब्दको उच्च आदर र अनादर पत्तो लगाउन भाषाविद्लाई टुपी घुमाई घुमाई घोत्लिनु परेको छ । सर शब्द सामान्य लागे पनि यसको प्रभाव भने रवाफिलो र तागतिलो देखिन्छ । यसको मन्त्र जनै मन तर्न बिर्सेजस्तो सहज छैन । यसको मन्तर बिर्सेमा यसले दु:ख दिन सिवाय केही सिकाउँदैन । बोल्नमा कमजोरपना आए सर शब्दले सदरमुकामदेखि टोपी फुकालेर कुदाउँछ गोठघरसम्म । नेपाल उसै त गरिब देश त्यसमाथि पनि एक्काइसौँ शताब्दीका भुत्ते खुकुरीले सर शब्दको उपमा पाउनु तालुमा आलु फले झैँ मान्छन् । आजको परिवेशमा सर शब्दको जरो पाताल पुगेकाले अति नै मौलाएको छ । ठाउँ खोज्दा खोज्दै बौलाएको छ पनि ।

नेपाल उसै त गरिब देश त्यसमाथि पनि एक्काइसौँ शताब्दीका भुत्ते खुकुरीले सर शब्दको उपमा पाउनु तालुमा आलु फले झैँ मान्छन् । आजको परिवेशमा सर शब्दको जरो पाताल पुगेकाले अति नै मौलाएको छ । ठाउँ खोज्दा खोज्दै बौलाएको छ पनि । सर शब्द चानचुने लागे पनि 'सर आउनु भो' भनेपछि विद्यार्थीहरू घोत्लिन थाल्छन् । कर्मचारीहरू कलम घिसार्न थाल्छन् । सैनिकहरू जीउ तन्काएर खुट्टा बजार्न थाल्छन् । अपराधीहरू पालन कर्ताको आराधना गर्न थाल्छन् । सर शब्द विद्यालयमा पढाउने शिक्षकको मात्र पेवा नभएर सबै तह र तप्कामा विराजमान सज्जन दुर्जन सबैले पुष्पाञ्जली गरी सम्झने मन्त्र भएको छ । यो शब्दले मान्छेलाई मान्यवर बनाएर चिनाएको छ । त्यसैगरी नै यसको व्यवहारमा सदुपयोग भएदेखि हामी मान्छेका दु:खका दिन निवारण हुन्थे होला । सृष्टिले सुन्दरता फेथ्यो होला, नदीमा स्वच्छता बग्थ्यो होला । संसारले कोल्टे फेथ्यो होला । न्युटनले गुरुत्वाकर्षणको नियम पत्ता लगाएपछि पाएको यो उपाधि अहिले जँडियाको गीत बनेको छ । कतै क्रियापदको काम भ्याउँछ कतै आदरताको वाणी ओकल्छ । सरलाई भालेमा तारेर खोया बिर्केको जल छर्के पछि बन्द भएका कार्यालय रातभरि चल्छन् । नहुने काम हुनेमा पुग्छन् भनेर मान्छेहरू कुर्लेका भेटिन्छन्

सर शब्द चानचुने लागे पनि 'सर आउनु भो' भनेपछि विद्यार्थीहरू घोत्लिन थाल्छन् । कर्मचारीहरू कलम घिसार्न थाल्छन् । सैनिकहरू जीउ तन्काएर खुट्टा बजार्न थाल्छन् । अपराधीहरू पालन कर्ताको आराधना गर्न थाल्छन् । सर शब्द विद्यालयमा पढाउने शिक्षकको मात्र पेवा नभएर सबै तह र तप्कामा विराजमान सज्जन दुर्जन सबैले पुष्पाञ्जली गरी सम्झने मन्त्र भएको छ । यो शब्दले मान्छेलाई मान्यवर बनाएर चिनाएको छ ।

त्यसैगरी नै यसको व्यवहारमा सदुपयोग भएदेखि हामी मान्छेका दु:खका दिन निवारण हुन्थे होला । सृष्टिले सुन्दरता फेथ्यो होला, नदीमा स्वच्छता बग्थ्यो होला । संसारले कोल्टे फेथ्यो होला । न्युटनले गुरुत्वाकर्षणको नियम पत्ता लगाएपछि पाएको यो उपाधि अहिले जँडियाको गीत बनेको छ । कतै क्रियापदको काम भ्याउँछ कतै आदरताको वाणी ओकल्छ । सरलाई भालेमा तारेर खोया बिर्केको जल छर्के पछि बन्द भएका कार्यालय रातभरि चल्छन् । नहुने काम हुनेमा पुग्छन् भनेर मान्छेहरू कुर्लेका भेटिन्छन् । सर शब्द झोलीको देउता हो यसलाई आफ्नै खोकिलामा राखेर बोझ हलुका पार्न सकिएन भने यसले उकालो ओरालो दौडाएर खुट्टामा सारो ठेला उठाएको पीडा भोग्ने तपाईं पनि पक्कै हुनुपर्छ जस्तो म मन्द बुद्धि भएको मनुवालाई लाग्दछ ।

कार्यालयको ढोकाभित्र छिर्न अगाडि हात जोड्न बिर्सेर कर्मचारी अगाडि बिन्ती बिसाउन पुगे तीन पुस्ता अघिको आक्रोश ओकल्न भ्याउँछन् कर्मचारीहरू । मेरो अनुभवले भन्छ सर शब्द बियरको झोलबाट मान्छेको रगतमा अन्तर घुलित भएपछि वंशाणुगत गुण बनेर फैलिएको छ । राति बाटोमा कराउँदै हिँडेको पियक्कडलाई सर नभने तपाईंलाई उसले ढुङ्गा बजार्छ । काम गर्नेलाई आदरसाथ भनिएको यो शब्द ज्यानको आयतन अनुसार जप्नु पर्छ । निहुरिएर, घुमेर, दौडिएर, वरबाट, परबाट, जताबाट भए पनि हात नजोडे किलकिले समाएर दारा उछिट्याउन बेर लगाउँदैनन् । एक दिन बाटोमा खुट्टा बटारी बटारी हिँड्दै गरेका मेरो गाउँका एक नामुद जँड्याहाले मलाई गजबले झपारे । सायद उनको आँखाले मलाई कमिलो देख्यो होला । उनको मादक वचनले आफू सर भएकोमा मलाई हीनताबोध लाग्न थाल्यो । 'सर होस् कि आकाश होस् तँलाई किन नमस्कार गर्ने ? भन त सर ।' म सुनिरहेँ । ऊ कराउँदै उकालो चढ्यो ।

प्रत्येक व्यक्ति अहिले सर हो । सर्वव्यापी, सर्वशक्तिमान् यो शब्द मलिन र शिथिल देखिन्छ । अहिले पाइलैपिच्छे सरको स्वस्ति र हवन नगरे काम ओछ्यान पर्छ । मानमा अपमान छ्यापिन्छ । अहिले डोजर साहुलाई सर भनिएन भने बाटो खनिँदैन । डोजर साहुले अपरेटरलाई सर भनेन भने डोजर चल्दैन । सूचिकार, कुचीकार, डाक्टर, कन्डक्टर, पाखण्डी, शिखण्डी सबैलाई बक्नु पर्ने शब्द हो सर । अहम्ताबाट निहुराउँछ यो शब्दले । भेट्दा होस् कि छुट्दा होस् । जन्मँदा होस् कि मर्दा होस् । लुट्दा होस् कि कुट्दा होस् । पाटीमा होस् कि साक्षीमा होस् । पाइखानामा होस् वा झ्यालखानामा होस् । नित्य कर्ममा अनित्य कर्म भित्र्याउन भूमिका खेल्ने सर शब्दले देशको आधा बजेट सारेर कुन दुलोमा पुर्याउँछ कुनै सरहरूलाई पत्तो हुँदैन । मान्छे ईश्वरसँग टाढा रहे पनि सरसँग खडा रहनुपर्छ । बिहानको झिसमिसे उज्यालो होस् वा बेलुकाको ओछ्यान सरलाई धूप नहाली मान्छे निर्धक्क सास फेर्न सक्दैन । महाशय, महोदयलाई विस्थापित पारेर लहरिएको सर शब्दले दुनियाँलाई आफ्नो जालमा पारेर सुख भोग गरिरहेको छ ।

वर्षभरि गुरुको सत्तोसराप गरेर बिताउने चेलाचेलीहरू गुरु पूर्णिमामा गुरुको सम्मानको बिगुल बजाएको देख्दा हाँसो लाग्छ । भेट्दा सर नभेट्दा सराप अहिले हामीमा चलेको संस्कार यही हो । पूर्वीय सभ्यतामा गुरु र आचार्य नामले पुकारिए पनि अहिलेको आधुनिक समयमा सर सौन्दर्यको पगरी बनेको छ । यसलाई चुँडाल्नुभन्दा गाँस्दा नै सबैमा विनयशीलताको विकास हुने र सरको सम्मान हुने देखिन्छ, जय सर ।

*-साहित्यपोष्ट डटकम*

# लुम्बिनी प्रदेश सरकारको बजेट ९ प्रतिशत मात्रै खर्च



**पाल्पा,** पुस ११/लुम्बिनी प्रदेश सरकारको हालको बजेट खर्चको अवस्थालाई हेर्दा सन्तोषजनक देखिदैन । चालु आर्थिक वर्षको ४ महिनाको अवस्थालाई हेर्दा यहाँको बजेट खर्चको अवस्था निराशजनक देखिएको हो ।

प्रदेश सरकारले ४० अर्ब ४७ करोड ९७ बजेट विनियोजन गरेको थियो । जसमा ९ दशमलव ८७ प्रतिशत बजेट मात्रै खर्च गरेको छ । त्यसमा पुँजीगत खर्च ६.५९ प्रतिशत मात्रै छ । प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/०८१ का लागि पुँजीगत खर्च २३ अर्ब २५ करोड ६९ लाख १ हजार र चालु खर्च १७ अर्ब २२ करोड २७ लाख ९९ हजार गरी कुल ४० अर्ब ४७ करोड ९७ बजेट विनियोजन गरेको हो । जसमध्ये चालु र पुँजीगत गरी ३ अर्ब ९९ करोड ७ लाख ५१ हजार २५७ अर्थात् ९.८७ प्रतिशत बजेट खर्च भएको प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ । यहाँ लामो समय मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा अधिकांस मन्त्रालयको पुँजीगत खर्च थप निराशाजनक देखिएको हो । मुख्यमन्त्रीले सम्हाल्दै आएको वन तथा वातावरण मन्त्रालयको पुँजीगततर्फको खर्च ३.९५ प्रतिशत रहेको छ ।

त्यस्तै, उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको पुँजीगत खर्च ०.९९ प्रतिशत मात्रै छ । प्रदेशमा १० मन्त्रालय छन् । तीमध्ये यो अवधिमा सबैभन्दा धेरै गृह मन्त्रालयले बजेट खर्च गरेको छ भने सबैभन्दा कम भौतिक पूर्वाधार विकास मन्त्रालयले गरेको छ । गृह मन्त्रालयले कुल विनियोजित बजेट ६७ करोड ३८ लाख ६५ हजारमध्ये २९.३८ प्रतिशत खर्च गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले १३ अर्ब ७७ करोड ८८ लाख ५४ हजार बजेटमध्ये ५.३१ प्रतिशतमात्रै खर्च पहिलो चौमासिकमा खर्च गरेको छ ।

# तम्घासमा खाद्यको शाखा कार्यालय




**तम्घास,** पुस ११/गुल्मीको सदरमुकाम तम्घासमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीको शाखा कार्यालय सञ्चालनमा ल्याइएको छ । मुल्य अनुसारको गुणस्तरीय खाद्यान्न उपयोगको सुनिश्चितताका लागि जिल्लाको रेसुङ्गा नगरपालिकास्थित तम्घासमा खाद्यको शाखा सञ्चालनमा ल्याइएको हो ।

रेसुङ्गा नगरपालिकाको पहलमा जिल्लामा शाखा कार्यालय स्थापना हुन सफल भएको छ । नगरपालिकाले गत असारमा जिल्लामा कम्पनीको शाखा कार्यालय स्थापनाका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनीको केन्द्रीय कार्यालयमा पत्र पठाएको थियो । सोही पत्रका आधारमा मङ्सिरदेखि कार्यालय स्थापना गरिएको नगर प्रमुख खिलध्वज पन्थीले जानकारी दिए । उक्त कार्यालयले नागरिकलाई खाद्य सुरक्षाको सुनिश्चितता गर्ने, रैथाने बाली प्रवर्द्धन एवं बजार सुनिश्चितता गर्ने, खाद्यान्न आपूर्ति गर्ने र महामारी तथा प्रकोपमा खाद्यान्न अभाव हुन नदिने लगायत काम गर्ने छ । सदरमुकाममा कम्पनीको कार्यालय स्थापना भएपछि चार पालिकामा कम्पनीको खरिद तथा बिक्री केन्द्र अर्थात् डिपो पनि सञ्चालनमा ल्याइएको छ । जिल्लाको रुरुक्षेत्र गाउँपालिकाको बलेटक्सार, मदाने गाउँपालिकाको बाँझकटेरी, मालिका गाउँपालिकाको अर्खबाङ्ग एवं रेसुङ्गा नगरपालिकाको हाटबजारमा डिपो सञ्चालन गरिएको हो । छत्रकोट गाउँपालिकाको दौघामा पनि डिपो सञ्चालनको तयारी भइरहेको जनाइएको छ । कम्पनीले किसानको उत्पादनलाई नेपाल सरकारले तोकेको समर्थन मूल्यमा खरिद गर्ने, प्रशोधन गर्ने साथै ठूला सहरमा मूल्य नियन्त्रण गर्न खाद्य वस्तुहरू सहुलियत मूल्यमा बिक्री वितरण गर्ने र दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी गरी जनतालाई सहुलियत मूल्यमा खाद्यान्न वितरण गर्ने उद्देश्य राखेको छ ।

# 'कम्युनिष्ट' जोगाउन वामपन्थी...

...अध्यक्ष नेपालले भने, 'वैचारिक तथा सैद्धान्तिक कार्यदिशा भएको, अहिलेको संकटको वस्तुगत विश्लेषण र समाधानको स्पष्ट बाटो लिएको राजनीतिक शक्ति भएको पार्टी नेकपा एकीकृत समाजवादी नै हो ।' पूर्वप्रधानमन्त्री एंव नेकपा एकीकृत समाजवादीका नेता झलनाथ खनालले पश्चिमा शक्तिले नेपालका कम्युनिष्टहरुलाई सिध्याउने योजना बुनिरहेको बताए । 'साम्राज्यवादी शक्ति नेपालको कम्युनिष्ट सिध्याउन लागेका छन् । वामपन्थीहरुलाई मिल्न नदिने र आउने चुनावमै सिध्याउने योजना हुँदैछ' खनालले भनेका छन् । पश्चिमा शक्ति कम्युनिष्ट सिध्याउन लागेकाले एकीकृत समाजवादीले वाम एकताको पहल गर्नुपर्ने प्रस्ताव खनालले बैठकमा राखेका छन् । राष्ट्रिय राजनीतिले एकपछि अर्को प्रतिकूलताको सामना गर्नुपरेकाले आर्थिक क्षेत्रमा समस्या गहिरिँदै गएको उनको भनाइ थियो । यही पुस १३ गतेसम्म चल्ने बैठकमा विधान हेरफेरका लागि नेताको सुझाव संकलन गरी मस्यौदामा छलफल गरिनेछ । बैठकमा पार्टीको विधान संशोधन र आगामी महाधिवेशन मुख्य एजेन्डा रहेको छ । यसअघि सचिवालय बैठकमा नेताहरू ७० वर्षे हद हटाउने गरी विधान संशोध गर्न सहमति भएका थिए । एकीकृत समाजवादीले विधान संशोधन गर्न आगामी माघ १४ र १५ गते काठमाडौंमा राष्ट्रिय सम्मेलन गर्न लागेको छ । केन्द्रीय कमिटीमा यो विषयमा छलफल हुनेछ ।

## खेलकुद समाचार

# सुदूरपश्चिमको लगातार चौथो जित



**काठमाडौं,** पुस ११/प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेशले लगातार चौथो जित हात पारेको छ । त्यस क्रममा उसले बुधबार मधेश प्रदेशलाई ५ विकेटले हरायो । यो मधेशको चौथो हार हो ।

मूलपानी मैदानमा मधेशले दिएको ८३ रनको लक्ष्य सुदूरपश्चिमले खेल सकिन १ बल बाँकी छँदा ५ विकेट गुमाउँदै भेटायो । सुदुरपश्चिमका लागि कविता जोशीले सर्वाधिक २६ रन बनाइन् । उनले ३८ बलमा ३ चौका र १ छक्का प्रहार गरिन् । सम्झना खड्काले २१ बलमा ३ चौकासहित २१ रन बनाइन् । रुबी पोदार १० र लक्ष्मी साउद ९ रनमा अविजित रहे । अन्तिम २ बलमा एक रन चाहिएको अवस्थामा साउदले चौका हान्दै टिमलाई जिताइन् । मधेशका लागि साक्षी यादव र कविता गौतमले समान २/२ विकेट लिए । पूजा महतोले १ विकेट लिइन् । टस जितेर ब्याटिङ गरेको मधेशले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ८२ रन बनाएको थियो । उसका लागि पूजा महतोले सर्वाधिक २७ रन बनाइन् । उनले ३१ बलमा ४ चौका प्रहार गरिन् । साना प्रविनले १९ र रोजी कडारीले १० रन बनाइन् । अन्य कुनै ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । सुदूरपश्चिमका लागि लक्ष्मी साउदले सर्वाधिक ४ विकेट लिइन् । जानकी थापा र कविता जोशीले समान १/१ विकेट लिइन् । सुदूरपश्चिम यसअघि एपीएफसँग ९ विकेटले पराजित भएको थियो ।

### CSD Canteen को लिक्वयर एण्ड ग्रोसरी कार्ड हराएको सूचना

मिति २०८० वैशाख २१ गतेका दिन तानसेनको बसन्तपुरदेखि शित्तलपाटीतर्फ आउँदै गर्दा भारतीय भूपू सैनिक हरि बहादुर थापाको निम्न व्यहोराको CSD Canteen को लिक्वयर एण्ड ग्रोसरी कार्ड हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**JC :** 602942 m Sub
**Name :** Hari Bahadur Thapa
**ठेगाना :** तानसेन-३, पाल्पा
**सम्पर्क नं. :** 9867112723

### CSD Canteen को लिक्वयर एण्ड ग्रोसरी कार्ड हराएको सूचना

मिति २०८० भदौ २५ गतेका दिन तानसेनको नारायणस्थानदेखि हुलाकतर्फ आउँदै गर्दा भारतीय भूपू सैनिक कमल विक्रम थापाको निम्न व्यहोराको CSD Canteen को लिक्वयर एण्ड ग्रोसरी कार्ड हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**JC :** 602622 X SM/H/LT
**Name :** Kamal Bikram Thapa
**ठेगाना :** बगनासकाली-९, चापपानी, फुटुङ, पाल्पा
**सम्पर्क नं. :** 9844792056

## अर्थ/कर्पोरेट समाचार

# नेप्से १७ अंकले घट्यो



**पाल्पा,** पुस ११/सेयर कारोबार मापक नेप्से परिसूचके घटेको छ । दुई दिनपछि खुलेको सेयर बजार बुधबार १७ दशमलव २३ अंकले घटेको हो ।

सोमबार र मंगलबार सार्वजनिक बिदाका कारण सेयर बजार बन्द रहेको थियो । बुधबार नेप्से परिसूचक १७ दशमलव २३ अंकले घटेर दुई हजार ७० दशमलव ८४ को बिन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय सात कम्पनीको एक करोड ४३ लाख ३७ हजार सात सय ३८ कित्ता शेयर एक लाख १७ हजार चार सय ७६ पटक खरिदबिक्री हुँदा पाँच अर्ब २४ करोड ८७ लाख ८२ हजार छ सय ११ बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड समूह शून्य दशमलव ५३ र निर्जीवन बीमा समूह एक दशमलव १६ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै व्यापार समूहको उपसूचकमा दुई दशमलव ३२ प्रतिशतको गिरावट देखिएको छ । चारवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड, मनकामना इन्जिनियरिङ हाइड्रोपावर लिमिटेड र चिर्खवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो । बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको नेप्सेले जनाएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको १९ करोड ६६ लाख ६४ हजार सात सय ९३ बराबरको कारोबार भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको पाँच लाख सात हजार सात सय ७५ कित्ता शेयर किनबेच भएको छ । बुधबार नेप्से परिसूचक २ हजार ७० अंकमा सिमित भएको हो । आइतबार २१.०३ अंकले घटेको नेप्से परिसूचक २ हजार ८८ अंकमा सीमित भएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई